महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
रोहिणी गाउँपालिका
रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १८४

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही ।

कैफियत सहितको राय

हामीले रोहिणी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. रोहिणी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ८२ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८।१२।२१ मा प्राप्त प्रतिक्रियाबाट रू. २३ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १० लाख ७८ हजार, नियमित गर्नुपर्ने रू.६७ लाख ७० हजार र पेश्की रू.१ लाख ४० हजार रहेको छ ।पालिकाको गतवर्षसम्म रु ६ करोड १८ लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ९३ लाख ७३ हजार रहेको छ । रोहिणी गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।

३. रोहिणी गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

रोहिणी गाउँपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती								
४१	३१	१८२६५	०	१	२३	४१	३०	१८२४१	२५३	६७७०	११०७८	०	०	१७८४८	१४०

अघावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	६१८५४	०	७२२	६११३२	०	१८२४१	७९३७३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रोहिणी गाउँपालिका, रुपन्देही , रोहिणी गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रोमनाथ न्यौपाने	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	कृष्ण प्रसाद ज्ञवाली	२०७७-५-२६	
लेखा प्रमुख	दिनानाथ ढकाल	२०७७-४-१	
		बेरुजु रकम	१८,२६४,६२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,११,७७,४८२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३४,४७,०३,३५०	**चालु खर्च**	३०,५१,५०,६८०
प्रदेश सरकारबाट अनुदान	३,७५,७०,०००	**पूँजीगत खर्च**	१२,२०,३६,७७९
राजश्व बाँडफाँट	९,३८,६०,९८४.३९	**वित्तीय/अन्य व्यवस्था**	५,४७,५१,३२६
आन्तरिक आय	१,३५,५८,३१६.८१		
अन्य आय	१,५१,००,३५६		
कुल आय	५०,४७,९३,००७.२	**कुल खर्च**	४८,१९,३८,७८५
बाँकी मौज्दात		१२,४०,३१,७०४	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रोहिणी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रोहिणी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ६४.62 वर्ग किलोमिटर क्षेत्रफल तथा ३७१६६ जनसंख्या रहेको छ ।	
२			**स्थानीय तह संचीत कोष** आर्थिक वर्ष 2077/ 78 को यस गाउँपालिकाको स्थानीय सञ्चित कोष आय–व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः	

https://nams.oag.gov.np

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी (बैंक)		101177482	१	चालु खर्च	305150680	305150680
	क) संचित कोष जिम्मेवारी	94344004.7		२	पूँजीगत खर्च	122036779	122036779
	ख) धरौटी खाता जिम्मेवारी	3648081		३	वित्तिय व्यवस्था भुक्तानी		0
	ग) कोष खाताको जिम्मेवारी	3185396			क) ऋण भुक्तानी	0	
२	राजस्व (आन्तरिक आय)		107419301		ख) ब्याज भुक्तानी	0	
	क) आन्तरिक राजस्व	13558316.81			ग) अन्य भुक्तानी	0	
	ख) राजस्व बाँडफाँड	93860984.39		४	लगानी	0	0
३	वित्तिय हस्तान्तरण संघ		344703350		शेयर लगानी	0	
	क) वित्तिय समानीकरण अनुदान	122600000			अन्य लगानी	0	
	ख) सशर्त अनुदान	213303350		५	धरौटी फिर्ता	937441	937441
	ग) समपूरक अनुदान	8800000		६	जनश्रमदान फिर्ता	0	0
	घ) विशेष अनुदान	0		७	कोष फिर्ता	9880911	9880911
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		37570000	८	मौज्दात (बैंक मौज्दात)		124031704
	क) वित्तिय समानीकरण अनुदान	5470000			क) संचित कोष खाता	113686522	
	ख) सशर्त अनुदान	14850000			ख) धरौटी मौज्दात	5139499	
	ग) समपुरक अनुदान	11250000		९	ग) कोष खाता मौज्दात	5205682.57	
	घ) विशेष अनुदान	6000000		१०	शसर्त अनुदान फिर्ता	43932973.6	43932973.6

६	विभिन्न कोषतर्फको आय	11410510.57	11410510.57	१२	जनश्रमदान मौज्दात	0	0
७	जनसहभागिता (नगद)	1260985	1260985				
८	धरौटी आय	2428859	2428859				
	जम्मा	605970487.5	605970487.6		जम्मा	605970488.2	605970488.6

३

संञ्चित कोषः

पालिकाले समग्र आर्थिक कारोबारलाई पुष्टी गर्ने गरी स्थानीय सञ्चित कोष तयार गर्नु पर्दछ । सुत्रको म.ले.प फारामको अनुसूची १७ र १८ मा सामाजिक सुरक्षा र सामाजिक सहायता शिर्षकमा कुनै पनि रकम देखिने गरी हिसाब तयार गरेको पाईएन । तसर्थ पालिकाले सम्पूर्ण कारोबारको एकमुष्ट विवरण देखिने गरी स्थानिय सञ्चित कोष तयार गर्नु पर्ने देखिन्छ।

४

खरिद व्यवस्थापन

४.१

चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । तल उल्लेखित विवरण अनुसार पालिकाले कुल खर्चमध्ये 68.9 प्रतिशत तेस्रो चौमासिकमा र 47.21 प्रतिशत आषाढमा मात्र खर्च भएको देखियो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(खर्च रु. हजारमा)

खर्च शिर्षक	कुल खर्च रु.	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु खर्च	305151	58922	63629	182600	111956
पूंजीगत खर्च	122037	3440	6869	111728	89724
जम्मा	427188	62362	70498	294328	201680
प्रतिशत	100%	14.6%	16.5%	68.9%	47.21%

४.२

योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक,

उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसार योजनाहरु टुक्रा पारी सोझै निर्माण व्यवसायीबाट गराएको विवरण देहायअनुसार छन्:

गो.भौ.नं. र मिति	निर्माण व्यवसायी/ सप्लायर्स	योजनाको नाम	रकम
288-2078/03/25	एशियाली कन्स्ट्रक्सन एण्ड सर्भिसेस प्रा.लि.	वडकी खुरहुरिया गाउँमा सडक तथा नाली निर्माण	497398
287-2078/03/25	शितला निर्माण सेवा प्रा.लि.	वडा स्तरीय पक्की तथा कच्ची सडक निर्माण	149707
243- 2078/03/25	एम. ए. कन्स्ट्रक्सन	बेलराई गाउँको कृषि कल्भर्ट सडक निर्माण	336999
157-2078/03/20	अथर्व कन्स्ट्रक्सन	खरविन्द टोल गाउँभित्रको बाटोमा पि.सि.सि. गर्ने कार्य	485241
222- 2078/03/24	लक्ष्मी मल्टिप्रपोज प्रा.लि.	पारीसझगा दक्षिण टोलको सडकमा नाली निर्माण	493663
244-2078/03/25	प्रितम विल्डर्स	पोखरभिण्डी स्वास्थ्य चौकीमा पर्खाल तथा गेट निर्माण	394715
144-2078/03/18	वाई. पि. निर्माण सेवा	कदमहवा गाउँभित्रको सडकमा पि.सि.सि. गर्ने काम	498288
201-2078/03/14	जाहिद कन्स्ट्रक्सन प्रा.लि.	मैनिहवा गाउँमा सडक तथा नाली निर्माण	482586
203- 2078/03/24	माँ गायत्री निर्माण सेवा	ओरहवा गाउँभित्रको पि.सि.सि. गर्ने काम	498485
जम्मा			3837082

४.३

कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै

https://nams.oag.gov.np

			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	
४.४			**गैरसरकारी संस्थामार्फत कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जन चेतना सम्बन्धी तालिम, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थामार्फत गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई गराउन सक्ने उल्लेख छ । पालिका कार्यालयले यसवर्ष विभिन्न २४ वटा कार्यक्रमहरु विभिन्न संस्था मार्फत गराएकोमा गाउँपालिका आफैले कर्मचारीहरु परिचालन गरी विषयगत शाखाबाट सम्पादन गर्न सकिने कार्यक्रमहरु पनि सम्झौता गरी संचालन गरेको पाईयो । सामान्य जनचेतनामुलक कार्यक्रम तथा राहत वितरण जस्ता विषयगत शाखाहरुद्वारा गर्न सकिने कार्यक्रमहरु समेत गैरसरकारी संस्थामार्फत गराउँदा थप आर्थिक व्ययभार बढ्नुको साथै कार्यक्रममा दोहोरोपना समेत हुन सक्ने जोखिम रहिन्छ । अतः पालिकाको आफ्नै विषयगत शाखाले गर्नुपर्ने नियमित प्रकृतिका यस्ता कार्यहरु गैर सरकारी संस्थामार्फत गराएको पाईएकोले सो कार्य नियमसम्मत नभएको रु.	३,२१४,१२५

https://nams.oag.gov.np

क्र.स.	भौ.नं	मिती	कार्यक्रमको नाम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	349	१२/१९/२०७७	किशोर किशोरीका लागि प्रजनन स्वास्थ्य तथा लैंगिक हिंसा सम्बन्धी तालिम	नेपाल पिछडा वर्ग (ओ.बि.सी.) उत्थान विकास संघ	50000
२	349	१२/२०/२०७७	बालबालिका माथि हुने शारिरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्वेवहार न्यूनिकरण	नेपाल पिछडा वर्ग (ओ.बि.सी.) उत्थान विकास संघ	60000
३	२९७	११/२८/२०७७	महिलाहरूका लागि च्याऊ खेती तालिम कार्यक्रम	तराई सामूदायिक विकास केन्द्र	100000
४	२८६	११/२५/२०७७	युवायुवतीरुका लागि नेतृत्व विकास गर्न क्षमता अभिवृद्धि तालिम कार्यक्रम	तराई सामुदायिक विकास केन्द्र	१०००००
५	६५८	०३/२२/२०७८	वडास्तरीय पूर्ण सरसफाई तथा प्रवर्धनात्मक कार्यक्रम	रोहिणी ग्रामिण सेवा समाज	९९,०४४
६	६६२	०३/२३/२०७८	आदिवासी. जनजाति मधेशी मूस्लिम तथा पिछडिवर्गका किसानहरुका लागि व्यवसायिक तरकारी खेती तालिम तथा उन्नत जातका विउ वितरण	ग्रीन फाउन्डेसन अफ नेपाल	९९,८०२
७	६६५	०३/२३/२०७८	कृषकहरुका लागि खेतीपातीमा किटनाशकको प्रयोग विधि सम्बन्धी कार्यक्रम तथा स्प्रे टंकी वितरण काम	लुम्बिनी ज्ञान प्रभा सामुदायिक संस्था	१९९५७९
८	३९८	१२/३१/२०७७	जावायु परिवर्तन तथा वातावरणीय जोखिम सम्बन्धी पुर्व तयारी एवं सचेतनामूलक कार्यक्रम	समर्पण समाज परिवर्तन	१४९५००
९	४४८	०१/१४/२०७८	लागू पर्दाथ तथा ट्राफिक नियम सम्बन्धी चेतनामूलक कार्यक्रम	बहुउद्देशिय विकास सेवा संस्था	१९८३१५
१०	३९२	१२/३१/२०७७	विपन्न एवं एकल महिलाहरुका लागि बेमौसमी तरकारी खेती	तराई सामुदायिक	१०००००

		कार्यक्रम विऊ वितरण	विकास केन्द्र	
११	३७४	१२/२६/२०७७	गर्भवतीहरुका लागि प्रशिक्षण कार्यक्रम	आदर्श सामुदायिक विकास समिती	१९८६३१.४
१२	३७१	१२/२५/२०७७	लैंगिक हिंसा विरुद्ध सचेतनामुलक कार्यक्रम	नेपाल पिछडा वर्ग उत्थान विकास संघ	७५,०००
१३	४१७	०१/०६/२०७८	वडाका पदाधिकारी तथा कर्मचारी, संघ संस्थाका प्रतिनिधीहरुका लागि उत्प्रेरणा वा क्षमता अभिबृद्धि कार्यक्रम	जलेश्वर पब्लिक मिडिया प्रा.लि.	९९,९९९
१४	६६६	०३/२३/२०७८	बिपन्न एकल महिलाका लागि बाख्रा पालनका लागि बाख्रा वितरण	ग्रीन फाउण्डेसन अफ नेपाल	१०००००
१५	पु.47	१२/१८/२०७७	वडा स्तरिय बेमौसमी तरकारी खेती तालिम र स्प्रे टयांकी बितरण	लुम्बिनी ज्ञानप्रभा सामुदायिक विकास संस्था	१४९५५१
१६	३९७	१२/३१/२०७७	आदिवासी. जनजाति मधेशी मूस्लिम तथा पिछडिवर्गका किसानहरुका लागि व्यवसायिक तरकारी खेती तालिम तथा उन्नत जातका विउ वितरण	समर्पण समाज परिवर्तनमा	१४००००
१७	४८५	०१/२७/२०७८	कृषकहरुका लागि खेतीपातीमा किटनाशक को प्रयोग विधि सम्बन्धी कार्यक्रम तथा स्प्रे टैंकी वितरण	श्री लुम्बिनी आदर्श महिला केन्द्र	१९९१६८
१८	३९६	१२/३१/२०७७	बालमैत्री तथा स्थानिय शासन सम्बन्धी अभिमूखीकरण	समर्पण समाज परिवर्तनमा	१५००००
१९	६८४	०३/२४/२०७८	वडाका पदाधिकारी तथा कर्मचारी , संघ संस्थाका प्रतिनिधिहरुका लागि उत्प्रेरणा प्रमाण वा क्षमता अभिवृद्धि कार्यक्रम	रोहीणी ग्रामिण सेवा समाज	९९,४४०
२०	४५८	०१/१५/२०७८	विपन्न वर्गका लागि ब्यवसायिक मौरिपालन तालिम	तराई सामुदायिक	१४९०००

						विकास केन्द्र	
			२१	३३८	१२/१२/२०७७	कृषकलाई व्यावसायिक तालिम	तराई सामुदायिक विकास केन्द्र	१०००००
			२२	२७४	११/२०/२०७७	जेष्ठ नागरिकका लागि निःशुल्क आखा जाँच शिविर वडा नं ३ बाहेक	गौतम बुद्ध कलेज अफ टेक्निकल एजुकेशन प्रा लि	९९,५००
			२३	६५९	०३/२३/२०७८	बालमैत्रि स्थानिय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम	हातेमलो बहुद्देश्यीय केन्द्र	१९९४४५
			२४	४८७	०१/२७/२०७८	लागूपर्दाथ दुव्यर्सन विरुद्ध र ट्राफिक जनचेतनामुलक कार्यक्रम	बहुउद्देशिय विकास सेवा संस्था	२९८१५०
							जम्मा	3214124.4
४.५			**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।		
५			**शिक्षा स्थानिय तह**		
५.१			राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् □ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । □ मापदण्ड बमोजिम अनुगमन गरेको छैन । □ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।		

			प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।	
५.२			गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
५.३			राष्ट्रीय शिक्षा नीति, 2076 मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड बमोजिम अनुगमन गरेको छैन । निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।	
६			**सम्पत्ति उपयोग र संरक्षण**	
६.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । गाउँपालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।	
६.२			गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए	

			नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	
७			**वित्तीय विवरण परीक्षण**	
७.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष कर्मचारीहरुको योगदानबाट हुने अंश कट्टी नगरी एकमुष्ट रु.1500000/- कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत कट्टा गरी सो रकम बराबर हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना र संचालन गर्नु पर्दछ ।	
७.२			आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमहरुको चौमासिक विवरण तयार गरी कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्नेमा बार्षिक रुपमा मात्र प्रगति तयार पारेको देखियो । पालिकाले कानुन बमोजिम योजना तथा कार्यक्रमहरुको चौमासिक प्रगती विवरण तयार गर्नु पर्दछ ।	
७.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणfलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
८			**आन्तरिक नियन्त्रण प्रणाली**	
८.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,	

			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको, वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।		
८.२			सूचना प्रविधी पद्दतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्द भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,		

https://nams.oag.gov.np

			सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।	
८.३			**म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः** भ्रमण खर्च नियमावली, 2064 मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।	
८.४			महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि स्वीकृत मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले निम्नानुसार म.ले.प फारामहरु स्वीकृत ढाँचामा अद्यावधिक गरी राखेको छैन । अतः पालिकाले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सवारी साधन र मेशिनरी संचालन गरिनु पर्दछ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको म. ले. प. फाराम ४१५ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको	
८.५			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । गाउँपालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाईएन । -म. ले. प. फाराम ८०१ – बेरुजु लगत -म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन -म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	

९			**कानुन निर्माण एवं कार्यान्वयन**	
९.१			कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २१ वटा ऐन, ४ वटा नियमावली, १४ कार्यविधि, २ वटा निर्देशिका, १ वटा नम्स गरी ४२ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरेको छैन् । तसर्थ आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
९.२			न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको ९२ गरी कुल ९२ विवाद दर्ता भएकोमा ८४ वटा मात्र फछ्र्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
१०			**पदाधिकारी सुविधा र विविध खर्च**	
१०.१			**पदाधिकारी अन्य सुविधाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.2148000/-, टेलिफोन तथा मोवाइल रु.1176000/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.1068000/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.1836000/-, अतिथि सत्कारमा रु. 468000/-, खानेपानी र सरसफाईमा रु.120000/-, मर्मत संभार विजुलीमा रु.120000/- र चाडपर्व खर्चमा रु.321000/- समेत रु.10741000/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.7548000/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	

१०.२			**आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५,००,०००। आर्थिक सहायता वितरण गरेको पाईयो। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
११			**अनुदान प्राप्ती र कोभिड कोष**	
११.१			**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.28,36,865।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
११.२			गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोष तर्फ आ.व. 2077/78 को एकीकृत आय व्यय विवरण निम्नानुसार रहेको छ ।	

https://nams.oag.gov.np

क्र.सं.	आयतर्फ शिर्षक	रकम	क्र.सं.	व्ययतर्फ शिर्षक	रकम
1	संघीय कोभिड कोषबाट	1000000	1	राहत वितरण	770730
2	प्रदेश कोभीड कोषबाट	0	2	क्वारेन्टीन होल्डिङ सेन्टर निर्माण	139470
3	स्थानीय तहको आफ्नै बजेटबाट	7640165	3	अस्पताल निर्माण व्यवस्थापन	1138290
4	व्यक्तिगत तथा संस्थागत सहयोग	358454	4	खाना तथा खाजा खर्च	293285
			5	जोखिम भत्ता	16624
			6	औषधी तथा स्वास्थ्य सामाग्री खरिद	2519590
			7	विपत् व्यवस्थापन सहायता	1406609
			8	मौज्दात बाँकी	2714027
जम्मा		8998619	जम्मा		8998619

११.३	२६	२०७८-२-१७	**सिलिण्डर वापत धरौटीः** गाउँपालिकाले संचालन गरेको कोभिड 19 विशेष अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र धकधई) मा 19 थान अक्सिजन सिलिण्डर प्रयोग गरेवापत शंकर अक्सिजन ग्यास प्रा.लि. लाई रु.356800/- धरौटी बुझाएको पाईयो । पालिकाले उक्त रकम कति अवधिको लागि धरौटी राख्ने र कहिले फिर्ता लिने हो सो सम्बन्धमा कुनै निर्णय गरेको पाईएन र यस सम्बन्धी विवरण तयार गरी प्रमाणित गरी राखेको पाईएन । तसर्थ कार्यालयले ग्यास उद्योगलाई ग्यास सिलिण्डर वापत धरौटी राखेको विवरण तयार गरी काम सम्पन्न भएपश्चात धरौटी फिर्ता गराई आम्दानी जनाएको प्रमाण पेश गर्नुपर्ने रु.	३५६,८००
१२			**पेश्की व्यवस्थापन** **पेश्की बाँकीः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 47 अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको मोबिलाईजेसन पेश्की रु.2400000/- तथा म्याद नाघेको कर्मचारी पेश्की रु.140000/- तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	१४०,०००

https://nams.oag.gov.np

क्र.सं.	पेश्की लिने व्यक्ति तथा संस्थाको नाम	रकम	कैफियत
१	चन्द्रिका यादव	100000	म्याद नाघेको (अक्सिजन खरिदको लागि लिएको)
२	शैलेन्द्र कुमार उपाध्याय	40000	म्याद नाघेको (राहत वितरणको लागि लिएको)
३	नेशनल मल्टी विल्डर्स	700000	मोबिलाईजेसन
४	कोरल निर्माण सेवा	1700000	मोबिलाईजेसन
जम्मा		2540000	

१३			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
१३.१			**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु.१५,००,०००/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	१,५००,०००
१३.२			कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ पदमा ५७ जना कर्मचारीहरू करारमा राखी रु.१२६२५९७४।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ७ पदमा ४२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.८३,८५,११४।- भुक्तानी गरेको छ । पालिकाले कर्मचारी पदपूर्तिको लागि च.न.१३४२, २०७७/१२/२५ (०७७/७८) गते कर्मचारी पदपूर्तिको लागि माग आकृति फारम मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय र प्रदेश लोक सेवा आयोगलाई पठाएको पाईयो । पालिकाले करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।	
१३.३			निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.2,48,59,388/- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।	

१४			**बजेट तथा कार्यक्रम**	
१४.१			बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री शिवकान्ती चमारले मिति २०७७।३।१० गते रु. ६३ करोड २० लाख ५२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
१४.२			योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाखदेखि ५ लाख सम्म | रु ५लाख देखि १० लाख सम्म | रु १० लाखदेखि ५० लाख सम्म | ५० लाखभन्दा बढी | जम्मा ३६ | ४७ | ९४ | ३३ | १४ | ५ | २२९ उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.४००००० लाख देखि ५० लाख वढी सम्मका जम्मा २२९ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र १७७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
१४.३			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु	

फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।

१४.४

क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (बजेट रु. हजारमा)

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च	खर्च प्रतिशत
आर्थिक विकास क्षेत्र	४८७४३	३६५२६	८.५५
सामाजिक विकास क्षेत्र	२४९७७७	२०५५८२	४८.१२
पूर्वाधार विकास	१६८७६७	८८३७३	२०.६९
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३३०५३	३०५७६	७.१६
कार्यालय संचालन तथा प्रशासनिक	८८३६५	६६१३०	१५.४८

पालिकाले उपलब्ध गराएको विवरण अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम ७.१६ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८.१२ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले संस्थागत सम्बन्ध तथा वातावरण शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

१४.५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकिकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।

१४.६

लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका विभिन्न योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने

प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना संख्या	यो बर्ष खर्च	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
401	२२८	५२	४	७	८

१५ **राजश्व आन्तरिक नियन्त्रण**

१५.१ कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आम्दानी शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर	100000	219290	219
भुमिकर/ मालपोत	795000	1560245	196
नक्सापास दस्तुर	500000	840928	168
सिफारिश दस्तुर	2200000	2859533	130

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१५.२ आन्तरिक आयः आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्दछ ।

-नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१

-दैनिक राजश्व /आम्दानी खाता म.ले.प फाराम नं. १०२

- राजश्व /आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४

- राजश्व /आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५

-राजश्व /आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६

- राजश्व /आम्दानीको दैनिक बैँक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७

१५.३

आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
९५५३४४८५.९	११८६०३६०.७४	१२.४१

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १९.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६

सामाजिक सुरक्षा

१६.१

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा 23 (5) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता संचालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गरेको छैन । कार्यविधि वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयाविधिमा तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१६.२

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्तमा सो रकम सम्बन्धित संघीय सरकारको खातामा कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं. ५ को सामाजिक सुरक्षा भत्ता वितरणको लागि जेष्ठ नागरिक एकल महिला लाभग्राही सिमिर्ती केवटीन ना.प्र.प. नं.९/५६४ को नाममा दोहोरो पर्ने गरी एउटै

१६,०००

			बैंक खातामा दुईपटक विवरण तयार गरी रु.८०००/- को दरले दोस्रो र तेस्रो किस्ता भत्ता वितरण गरेको देखियो । एउटै व्यक्तिको नाममा बैंकको वितरण भरपाईमा समेत दोहोरो रकम देखिएकोले निष्क्रिय खातामा रहेको सामाजिक सुरक्षा भत्ता फिर्ता गराई बेरुजु दाखिला गर्नुपर्ने रु.	
१७			**वढी भुक्तानी**	
१७.१	5	२०७७-६-३०	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । ठे.नं. 5/NCB/2076/77 (स्वामी हरि कन्स्ट्रक्सन) सेमरपानी गाउ जाने सडक कालो पत्रे गर्ने कामका लागि फाइनल विल वापत रु ९,२३,५९५।३३ भुक्तानी भएको छ । यस निर्माण कार्यको दर विश्लेषणमा Item no. 17. Providing and Spraying Bituminious Tack Coat को Spraying rate ७५% प्रति वर्ग मिटर रहेको छ । कुल नापी परिमाण १०६७ वर्ग मी. को Spraying rate ७५% प्रति वर्ग मिटर अनुसार ८००.२५ लि. को भुक्तानी हुनुपर्नेमा १०६७ लि. कै भुक्तानी भएकोले २६६.७५ लि. वढी भुक्तानी भएको देखियो । वढी भुक्तानी भएको २६६.७५ लि. को प्रति लि. रु १५२.५५(मू.अ.कर समेत) का दरले हुने रु ४०,६९२।७१ सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु...	४०,६९२
१७.२	17	२०७७-८-२३	ठे.नं. 14/NCB/2076/77 (नेशनल कन्स्ट्रक्सन रुपन्देही) तरकुल्हा गाउको सडक कालो पत्रे निर्माण कार्यका लागि फाइनल विल वापत रु ६,०९,११४।२७ भुक्तानी भएको छ । यस निर्माण कार्यको दर विश्लेषणमा Item no. 8. Providing and Spraying Bituminous Tack Coat को Spraying rate ७५% प्रति वर्ग मिटर रहेको छ । कुल नापी परिमाण ९३७.११ वर्ग मी. को Spraying rate ७५% प्रति वर्ग मिटर अनुसार ७०२.८३ लि. को भुक्तानी हुनुपर्नेमा ९३७.११ लि. कै भुक्तानी भएकोले २३४.२७ लि. वढी भुक्तानी भएको देखियो । वढी भुक्तानी भएको २३४.२७ लि. को प्रति लि. रु १५८.२० (मू.अ.कर समेत) का दरले हुने रु ३७,०६१।५१ सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु..	३७,०६१
१८			**वोलपत्रको म्याद** **वोलपत्रको म्याद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा वोलपत्र प्रस्ताव आव्ह्यानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचार पत्रमा कम्तिमा ३० दिनको अवधि दिई प्रकाशन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले राष्ट्रिय दैनिक मार्फत वोलपत्र सम्वन्धि सूचना आव्हान गरी विस्तृत सूचानाको लागि पालिकाको Web Site मा विस्तृत रुपमा उल्लेख भएको जानकारी दिएको छ । नियम वमोजिम वोलपत्रको लागि ३० दिनको म्याद दिई राष्ट्रिय दैनिकमा सूचान प्रकाशन गर्ने व्यवस्था भएकोमा वोलपत्र वुझाउने अन्तिम मिति उल्लेख नगरी सूचाना प्रकाशन भएको छ । वोलपत्रको सूचना प्रकाशन गर्दा ऐनमा भएको व्यवस्था वमोजिमको अवधि स्पष्ट उल्लेख गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
१९			**थप आर्थिक भार**	
१९.१	5	२०७८-३-२४	ठे.नं. 10/SQ3/Work/RRM/2077-78 : गो.भौ. ५।०७८।३।२४ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस पालिकावाट वुचिगाउँ देखि दशगजा अधुरो सडक कालोपत्रे निर्माण	३२९,५७४

			कार्यका लागि निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य गराएकोमा यस वर्ष काम सम्पन्न नभई भएको कामको मूल्याकंन गरी भुक्तानी दिएको देखियो । निर्माण व्यवसायीवाट गराएको उक्त कालो पत्रे सडक कार्यमा आईटम नं. ६. Providing, Laying,Spreading and Compacting Water Bound Macadam कार्यका लागि रु ३,२९,५७४।११(मू.अ.कर समेत) भुक्तानी दिएको देखियो । सडकको वेस सम्मको कार्यको भुक्तानी भएको तर कालोपत्रे नभएको अवस्थामा उक्त भुक्तानी मनासिव देखिएन । सडकको वेस सँगै कालोपत्रेको कार्य नभएमा वेसको कार्य खेरजाने र पछि कालोपत्रे गर्नुपरेमा पुन: वेसको काम गरेर मात्र कालोपत्रे गर्न सकिने भएकाले पछि सडक कालोपत्रे गर्दा खर्चमा दोहोरोपना हुने देखिन्छ । यस तर्फ प्राविधिक गंभिर वन्नु पर्दछ । दोहोरो खर्च हुनेगरी भएको कामको कारण थप व्ययभार पर्ने देखिएको रु.....	
१९.२	5	२०७८-३-२४	थप व्ययभार : ठे.नं. 09/SQ3/Work/RRM/2077-78: गो.भौ. ५।०७८।३।२४ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । यस पालिकावाट Hulaki Sadak Dekhi Dagarmarawa Sadak कालोपत्रे निर्माण कार्यका लागि निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य गराएकोमा यस वर्ष काम सम्पन्न नभई भएको कामको मूल्याकंन गरी भुक्तानी दिएको देखियो । निर्माण व्यवसायीवाट गराएको उक्त कालो पत्रे सडक कार्यमा आईटम नं. ६. Providing, Laying,Spreading and Compacting Water Bound Macadam कार्यका लागि रु ३,६७,९८५।४६(मू.अ.कर समेत) भुक्तानी दिएको देखियो । सडकको वेस सम्मको कार्यको भुक्तानी भएको तर कालोपत्रे नभएको अवस्थामा उक्त भुक्तानी मनासिव देखिएन । सडकको वेस सँगै कालोपत्रेको कार्य नभएमा वेसको कार्य खेरजाने र पछि कालोपत्रे गर्नुपरेमा पुन: वेसको काम गरेर मात्र कालोपत्रे गर्न सकिने भएकाले पछि सडक कालोपत्रे गर्दा खर्चमा दोहोरोपना हुने देखिन्छ । यस तर्फ प्राविधिक गंभिर वन्नु पर्दछ । दोहोरो खर्च हुनेगरी भएको कामको कारण थप व्ययभार पर्ने देखिएको रु.....	३६७,९८५
२०			**इन्जिनियरिङ्ग नम्स र उपभोक्ताको विल वीच सामञ्जस्यता**	
२०.१	31	२०७७-११-२१	इन्जिनियरिङ्ग नम्स र उपभोक्ताको विल वीच सामञ्जस्यता : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नियमावली को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाको नमुना छनोटको आधारमा गरिएका लेखापरीक्षणवाट कतिपय उपभोक्ता समितिले गरेको वास्तविक कामको परिमाण नापी किताव र खर्च प्रमाणित गर्ने कागजात विच मिलान भएको देखिएन । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : गाउँपालिकास्तरीय सडक मर्मत सम्भार कार्य १-७ सबै वडा उपभोक्ता समितिलाई रु ८,३९,९७०।०० भुक्तानी भएको छ । यस कार्यको गिट्टी तथा वालुवा मिसियको प्राकृतिक ग्राभेल आपुर्ति गरी सडकमा राख्ने, फैलाउने, बरावर गर्ने लगायत सम्पूर्ण कार्य पुरा गर्ने कामकालागि उपभोक्ता इन्जिनियरिङ्ग नम्स अनुसार ४१९.८५*१.२८ = ५३७.४१ घन मी. ग्राभेल आवश्यक पर्नेमा उपभोक्ता समितिवाट पेश भएको विलमा ग्राभेलको कुल परिमाण ४२४.८९ घन मी. देखिएको छ । नम्स अनुसार आवश्यक परिमाणमा विल संलग्न नरहेकोले कम परिमाण ११२.५२ घन मी. रु	२२७,८०१

https://nams.oag.gov.np

			२०२४.५४ (मू.अ.कर समेत) प्रति घन मी. ले हुने रु २,२७,८०१।२४ भुक्तानी भएको विल संलग्न रहेको छैन् । प्राविधिक विल र उपभोक्ताले पेश भएको विल वीच सामञ्जस्यता नभएकाले वास्तविक भएको कामको परिमाण एकिन भएन रु नम्स अनुसार आवश्यक परिमाणमा विल संलग्न नरहेकोले वास्तविक भएको कामको परिमाण एकिन भएन रु..... क. यस पालिका अन्तर्गत विभिन्न ठाउँका सडकहरु मर्मत गर्ने कार्य गरेकोमा चेनेज उल्लेख गरेको छैन् । यसले गर्दा कुन ठाउँमा कति काम भएको थियो भन्ने एकिन हुन सकेन । चेनेज उल्लेख गरी प्राविधिक विल तयार गर्नु पर्दछ । ख. डोर हाजिर संलग्न रहेको छैन् । भएको कामको खर्चलाई प्रमाणित गर्ने विल भर्पाइ संलग्न नरहेकोले नियम वमोजिम खर्च प्रमाणित गर्ने विल भर्पाइ संलग्न गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।		
२०.२	3	२०७८-३-२२	कब्रिस्थान संरक्षण पूर्वाधार उपभोक्ता समिति (पर्खाल निर्माण)लाई भुक्तानी रु ९,९९,०००।०० [यस निर्माण कार्यको नापी कितावमा फलामे डण्डी १२ एम. एम. को ५८४ के.जी. र ८ एम. एम. को ४४४.४२ के.जी. खपत भएको देखिन्छ । उपभोक्ताले पेश गरेको विलमा १२ एम. एम. को ११६५ के.जी. र ८ एम. एम. को २९६ के.जी. खरिद गरी कुल रकम रु १,४६,९८०।५१ भुक्तानी भएको छ । १२ एम. एम. को डण्डी उपभोक्ताले पेश गरेको विल भन्दा ५८१ के.जी. घटी र ८ एम. एम. को डण्डी १४८.४२ के.जी. बढी खपत भएको छ । प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/वढी परिमाण खपत भएको नियम सम्मत भएन । फलामे डण्डि खपत भएको सम्वन्धमा एकिन भएन रु.....		१४६,९८०
२०.३	11	२०७८-३-२५	परासीझुगाँ शिव मन्दिर धर्मशाला निर्माण उपभोक्ता समितिलाई प्रथम रनिङ्ग विल वापत रु १३,५८,४७७।०० भुक्तानी भएको छ । [यस निर्माण कार्यको नापी कितावमा फलामे डण्डी ४३१५.८८ के.जी. खपत भएको देखिन्छ । उपभोक्ताले पेश गरेको विलमा ४९८७ के.जी. खरिद गरी कुल रकम रु ४,९६,५२५।६३ भुक्तानी भएको छ । फलामे डण्डी उपभोक्ताले पेश गरेको विल भन्दा ६७१.१२ के.जी. घटी खपत भएको छ । नापी कितावमा कति एम. एम. को डण्डी प्रयोग भएको खुलाएको देखिएन । प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/वढी परिमाण खपत भएको नियम सम्मत भएन । फलामे डण्डि खपत भएको सम्वन्धमा एकिन भएन रु...		४९६,५२५
२०.४	9	२०७८-३-२४	दुई मुहान छठ घाट निर्माण उपभोक्ता समिति लाइ प्रथम रनिङ्ग विल वापत रु १३,९२,६००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको नापी कितावमा फलामे डण्डी १६५१.८४ के.जी. खपत भएको देखिन्छ । उपभोक्ताले पेश गरेको विलमा २४९९ के.जी. खरिद गरी कुल रकम रु २,१२,४१५।०० भुक्तानी भएको छ । फलामे डण्डी उपभोक्ताले पेश गरेको विल भन्दा ८४७ के.जी. घटी खपत भएको छ । नापी कितावमा कति एम. एम. को डण्डी प्रयोग भएको खुलाएको देखिएन । प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/वढी परिमाण खपत भएको नियम सम्मत भएन । फलामे डण्डि खपत भएको सम्वन्धमा एकिन भएन रु.....		२१२,४१५
	11				

२०.५		२०७८-३-२५	एपिएफ विओपी पजरकट्टी भोजनालय भवन निर्माण उपभोक्ता समितिलाई प्रथम रनिङ्ग विल वापत रु १३,५८,४७७।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको नापी कितावमा फलामे डण्डी २३२.४८ के.जी. खपत भएको देखिन्छ । उपभोक्ताले पेश गरेको विलमा ४२८ के.जी. खरिद गरी कुल रकम रु ४१,५१५।६६ भुक्तानी भएको छ । फलामे डण्डी उपभोक्ताले पेश गरेको विल भन्दा १९५.५२ के.जी. घटी खपत भएको छ । प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी परिमाण खपत भएको देखिएकोले फलामे डण्डि खपत भएको सम्वन्धमा एकिन भएन रु.....	४१,५१५
२१			**उपभोक्तावाट मू.अ.कर दर्ता नभएको सँग खरिद**	
२१.१	83	२०७८-२-९	**मू.अ.कर विजक :** खरिद सम्झौताको वुँदा नं. ९ मा मू.अ.कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००.०० भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : गो.भौ. ८३।०७८।०२।०९ वाट रु ६,७१,०००।०० र गो.भौ. १०६।०७८।०३।०१ वाट रु ३,२७,४००।०० सेमरपानी धर्मशाला निर्माण उपभोक्ता समिति लाई भुक्तानी भएको छ । उपभोक्ता समितिले द्धवारिका सप्लायर्स पान नं. (६०५५३००१०) को मिति २०७८।१।२४ देखि २०७८।१।३१ को विभिन्न विल नं. वाट वालुवा र गिट्टी वापत रु १,४३,०००।०० र मिति २०७८।२।२४ दुईवटा विल नं. वाट वालुवा र गिट्टी वापत रु ३६,०००।०० खरिद गरेको विल संलग्न राखेको छ । खरिद सम्झौता विपरीत मू.अ.कर लाग्ने वस्तु मू.अ.कर दर्ता नभएको आपूर्तिकर्ता सँग खरिद गरेको नियम सम्मत भएन रु	१७९,०००
२१.२	95	२०७८-२-२७	गो.भौ. ९५।०७८।०२।२७ वाट धकधई पक्की नाली निर्माण अडरिया टोल उपभोक्ता समिति लाई रु ६,९२,३००।०० भुक्तानी भएको छ । लागत अनुमान का लागि दर विश्लेषण गर्दा वालुवाको दरमा मू.अ.कर थप गरी दर कायम गरेकोमा मू.अ.कर वाहेक को पान विल पेश गरेको छ । मू.अ.कर थप गरि दर विश्लेषण गरी मू.अ.कर थप सहितको दरले भुक्तानी दिएकोले मू.अ.कर वापत भुक्तानी भएको रकम रु ७,०२०.०० (५४,०००*१३%) सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु.....	७,०२०
२१.३	95	२०७८-२-२७	धकधई पक्की नाली निर्माण अडरिया टोल उपभोक्ता समिति लाई रु ६,९२,३००।०० भुक्तानी भएको छ । शाहेब सप्लायर्स पान नं. (६१२३०२३४३) को मिति २०७८।२।५ देखि २०७८।२।१२ को विभिन्न विल नं. वाट वालुवा र गिट्टी वापत रु ५४,०००।०० खरिद गरेको विल संलग्न राखेको छ । खरिद सम्झौता विपरीत मू.अ.कर लाग्ने वस्तु मू.अ.कर दर्ता नभएको आपूर्तिकर्ता सँग खरिद गरेको नियम सम्मत भएन रु....	५४,०००
२१.४	106	२०७८-३-१	गो.भौ. १०६।०७८।०३।०१ वाट रु ३,२७,४००।०० सेमरपानी धर्मशाला निर्माण उपभोक्ता समिति लाई भुक्तानी भएको छ । लागत अनुमान का लागि दर विश्लेषण गर्दा वालुवाको दरमा मू.अ.कर थप गरी दर कायम गरेकोमा मू.अ.कर वाहेक को पान विल पेश गरेको छ । मू.अ.कर थप गरि दर विश्लेषण गरी मू.अ.कर थप सहितको दरले भुक्तानी दिएकोले मू.अ.कर वापत भुक्तानी भएको रकम रु २३,२७०.०० (१,७९,०००*१३%) सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु.	२३,२७०

https://nams.oag.gov.np

२१.५	158	२०७८-३-२०	गो.भौ. १५८।०७८।३।२० वाट विशुनपुरा शिव कुमार मल्लुर दयाशंकर माहातम सिता पाल समेत घर जाने अधुरो पि.सी.सी. सडक ढलान उपभोक्ता समिति लाई रु ६,७८,७००।०० भुक्तानी भएको छ । न्यु शाहेब सप्लायर्स पान नं. (६१२३०२३४३) को मिति २०७८।३।१ देखि २०७८।३।५ को विभिन्न विल नं. वाट वालुवा र गिट्टी वापत रु ३,५४,०००।०० खरिद गरेको विल संलग्न राखेको छ । मू.अ.कर दर्ता वालासँग खरिद गर्नु पर्नेमा मू.अ.कर दर्ता नभएको आपूर्तिकर्तासँग खरिद गरेको नियम सम्मत भएन । साथै लागत अनुमान तयार गर्दा वालुवा गिट्टीको मू.अ.कर सहितको दर उल्लेख गरी लागत अनुमान तयार भएकोमा मू.अ.कर दर्ता नभएको सँग खरिद गरेकोले मू.अ.कर १३% ले हुने रु ४६,०२०।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु.	४६,०२०
२१.६			नापी किताव / कार्यसम्पन्न प्रतिवेदन : विधालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा स्थानीय तहले विधालयमा भए गरेका निर्माण कार्यका कागजातहरु भौतिक सर्वेक्षण फारम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन प्राविधकवाट गर्न लगाई सम्वन्धित साइट इन्चार्ज, विधालयको प्रधानाध्यापक तथा विधालय व्यवस्थापन समितिका अध्यक्ष वा विधालय निर्माण समितिका अध्यक्ष समेतले प्रमाणित गरी श्रेस्ता तयार गर्नुपर्ने उल्लेख छ । यस पालिकावाट आर्थिक बर्ष २०७७।७८ मा संघीय सशर्तवाट १५ वटा विधालयलाई आषाढ महिनामा भवन निर्माण अनुदान रु २,७२,८६,१०५।०० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७७।७८ मा १५ वटा विधालयलाई अनुदान मध्ये ७ वटा विधालयको भवन निर्माण आषाढ मसान्त भित्रै कार्य सम्पन्न भएको र वाँकी ८ वटा विधालयको निर्माण कार्य सम्पन्न नभएकोले अनुदान रकम रु १,९१,८९,९६७।०० रोक्का रहेको देखियो । आर्थिक बर्ष २०७८।७९ मा ८ विधालय मध्ये ६ वटाको कार्य सम्पन्न भएको कार्यालयले जानकारी दिएको छ । वाँकी दुई वटा रामनरेश यादव आ.मा.वि. रोहिणी ७ को अनुदान रु १,००,००,०००।०० र श्रीराम प्रा.वि. रोहीणी २ को अनुदान रु ६,६५,३४९।०० को कार्यसम्पन्न नभएकोले हालसम्म कुल अनुदान रकम रु १,०६,६५,३४९।०० रोक्का रहेको पालिकाले जानकारी दिएको छ । विधालयमा भवन निर्माणका लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव , कार्य सम्पन्न प्रतिवेदन) लेखापरीक्षणका क्रममा पेश भएन । अत : उक्त निर्माण कार्यको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु....	१०,६६५,३४९
२२			**नियम विपरित बढी सुविधा भुक्तानी** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । २०७६/३/२४ को राजपत्रमा प्रकाशित पहिलो संसोधन ऐन, २०७६ बाट वडा अध्यक्ष ज्यू हरुको खानेपानी तथा सरसफाई र मर्मत संभार खर्च झिकिएको छ । तर पालिकाले २०७७ असोज देखि २०७७ पुस सम्मको खानेपानी तथा सरसफाई खर्च वापत सुविधा प्रदान गरेको देखिएकाले नियमविपरित प्रदान गरिएको रु.५४००० सम्बन्धितबाट असूल गर्नुपर्ने	५४,०००

https://nams.oag.gov.np

			पदाधिकारीको नाम / वडा / रकम आविद अलि पठान / १ / ८००० सरोज कुमार पाण्डेय / २ / ६००० विर वहादुर क्षेत्री / ३ / ८००० तारानाथ यादव / ४ / ८००० घनश्याम सिहं क्षेत्री / ५ / ८००० ईन्द्रमान चौधरी / ६ / ८००० दुखनी थारु (का.वा) / ७ / ८००० जम्मा / ५४०००	
२३	129	२०७८-३-२५	**कम कर दाखिला** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार आयमा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ। स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन, सुदृढिकरण तथा समिक्षा कार्यक्रम संचालन वापत श्री रामनेवश प्रसाद चौधरीलाई रकम भुक्तानी गर्दा पारिश्रमिक कर वापत रु. २१८५५ कट्टी गर्नुपर्नेमा रु. १५६०० मात्र कट्टी गरेकाले कम रकम रु. ६२५५ दाखिला गर्नुपर्ने	६,२५५
२४			**उपभोक्ता समिति दर्ता र परिचालन**	
२४.१			**उपभोक्ता समिति दर्ता ः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 187 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.88,54,933/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति गाउँपालिकाले दर्ता गरेर प्रमाणपत्र प्रदान गरेको भएतापनि निजको नाममा धरौटी कट्टा गरी ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	

https://nams.oag.gov.np

२४.२			सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97(7) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सामाजिक लेखापरीक्षण गराउनु पर्ने, उपनियम 12 मा कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकी स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न प्रकृतिका उपभोक्ता समिति गठन गरी कार्य गरेकोमा उपभोक्ता समितिले खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र सामाजिक लेखापरीक्षण नगराएको साथै कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने गरी जिम्मेवारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । नियमावलीमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन र परिचालन गरिनु पर्दछ ।	
२५			**एकमुष्ट पेश्की, प्रोभिजनल सम**	
२५.१			**प्रोभिजनल सम वढी भुक्तानी :** गो.भौ. ९७।०७८।०२।२७ : प्रोभिजनल समको आइटममा वी.ओ.क्यु मा उल्लेखित सीमा सम्म पेश भएको सक्कल विलको आधारमा भुक्तानी दिनुपर्दछ । ठे.नं. 04/NCB/RRM/2077/78 (ए एस पाल्हीनन्दन कन्स्ट्रक्सन) दुर्गा मन्दिर तर्कुल्हा देखि चम्किपुर सडक कालोपत्रे गर्ने कार्यको प्रथम रनिङ्ग विल वापत रु ८,२०,७०६।०० भुक्तानी भएको छ । वी.ओ.क्यू. मा प्रोभिजनल समम वीमा वापत रु ३७,७६१।६५ को विल भर्पाइ पेश भएकोमा १,००,०००।०० भुक्तानी भएको देखियो । प्रोभिजनल समको आइटममा वी.ओ.क्यु मा उल्लेखित सीमा सम्म पेश भएको सक्कल विलको आधारमा भुक्तानी दिनुपर्नेमा विल भन्दा वढी रु ६२,२३८।३५ भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु.....	६२,२३८
२५.२	97	२०७८-२-२७	प्रोभिजनल समको आइटममा वी.ओ.क्यु मा उल्लेखित सीमा सम्म पेश भएको सक्कल विलको आधारमा भुक्तानी दिनुपर्दछ । ठे.नं. 04/NCB/RRM/2077/78 (ए एस पाल्हीनन्दन कन्स्ट्रक्सन) दुर्गा मन्दिर तर्कुल्हा देखि चम्किपुर सडक कालोपत्रे गर्ने कार्यको प्रथम रनिङ्ग विल वापत रु ८,२०,७०६।०० भुक्तानी भएको छ । प्रोभिजनल समको ल्याव टेष्ट वापत रु ४०,०००।०० भुक्तानी भएकोमा विल पेश भएको छैन् । ल्याव टेष्ट गरेको विल पेश गर्नु पर्ने अन्यथा उक्त रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्ने रु	४०,०००
२५.३			**एकमुष्ट पेश्की भुक्तानी :** गो.भौ. ४।०७७।११।२६ : ठे.नं. 01/NCB/RRM/2077/78 (Badki Amuwa – Chhotki Amunwa – Mainihawa Road) को खरिद सम्झौताको SCC को GCC 57.1 मा The Advance Payment Shall be 20% and Shall be Paid in two equal installments to the Contractor को व्यवस्था रहेको छ । यस निर्माण कार्यको कवोल अंक रु ८८,४३,०८१।०० रहेको छ । पालिकाले पेश्की वापत दुई किस्तामा १०%-१०% का दरले भुक्तानी दिनु पर्नेमा एकमुष्ट २०% ले हुने रकम रु १७,००,०००।०० भुक्तानी दिएको छ । खरिद सम्झौताको परिपालना भएको देखिएन । खरिद सम्झौताको व्यवस्था विपरीत एकमुष्ट पेश्की भुक्तानी दिने कार्यमा नियन्त्रण हुनु पर्दछ । गो.भौ. १२।०७८।०३।३० : SCC को GCC 57.3 मा Deduction from payment certificates will Commence in the first certificate in which the value of works executed exceeds 30% of the Contract Price. Deduction will be at the rate of 100% of the respective Monthly IPC until such time as the advance payment has been repaid. provided that the advance payment shall be	

https://nams.oag.gov.np

completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । प्रथम रनिङ्ग विल वापत रु ४७,६८,०७०।६३ भुक्तानी हुदाँ (कवोल अंकको ३०% भन्दा वढी) खरिद सम्झौता अनुसार रु १७,००,०००।०० पेश्की फर्छ्यौट गरी भुक्तानी दिनुपर्नेमा पेश्की फर्छ्यौट गरेको देखिएन । खरिद सम्झौताको व्यवस्था अनुसार पेश्की फर्छ्यौट नगरी भुक्तानी दिदा निर्माण व्यवसायलाई लाभ पुग्ने देखिन्छ । सरकारी रकम खर्च गर्दा खरिद सम्झौताको परिपालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

२५.४

नापी किताबः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्नेत गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement BooK) वा अन्तरिम भुक्तानी प्रमाणपत्र (IPC) तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ ।

२६

कर तथा शुल्क असुली

शिर्षक फरक पारी रकम जम्माः एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार प्राप्त हुने राजश्व सम्बन्धित शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ जसअनुसार स्थानीय तह वा मुल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थाले संकलन/दाखिला गर्ने मु.अ.कर राजश्व शिर्षक नं.33317 (बेदर्तावालबाट गर्ने संकलन) बाट आन्तरिक राजश्व कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्दछ । यस स्थानिय तहले निम्नबमोजिमको पार्टीहरुबाट विभिन्न आय ठेक्कामा मुल्य अभिबृद्धि कर बापत प्राप्त गरेको रकम राजश्व शीर्षक नं.33314 मा जम्मा गरेको पाईयो । पालिकाले संकलन गरेको राजश्व सम्बन्धित शीर्षकमा कार्यालयको नामबाट नै दाखिला गर्नु पर्दछ ।

पार्टीको नाम	जम्मा हुनुपर्ने शिर्षक	जम्मा भएको शिर्षक	रकम
एशियाली कन्स्ट्रक्सन एण्ड सर्भिसेस	33317	33314	53560
ईमलावती गिरी सप्लायर्स	33317	33314	70850
न्यू यदुवंशी सप्लायर्स	33317	33314	228842
शितल निर्माण सेवा प्रा.लि.	33317	33313	167570
जम्मा			520822

२७

अनुगमन तथा संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	गत बर्षसम्मको बाँकी बेरुजू(C=A-B)
61853813	722191	61131622

२८

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु फछ्र्यौट । सम्परीक्षणको आधार		सम्परीक्षण
१	2076/77	85	दोहोरो भत्ता खर्च लेखेको	दाखिला प्रमाण पेश गरेकोले संपरीक्षण		2550
२	2076/77	86	दोहोरो भत्ता खर्च लेखेको	निम्नानुसार व्यक्तिको दाखिला प्रमाण पेश भएकोले संपरीक्षण		15625
				नामथर	रकम	
				रन्नीदेवी चौधरी	3125	
				मनिषा चौधरी	3125	
				साधु हरिजन	3125	
				राधेश्याम चमार	3125	
				सुर्जमति कहार	3125	
				जम्मा	15625	
३	2075/76	20.9	घटी भाडाकर कट्टी गरेको	उक्त रकम बराबरको नागेन्द्र कुमार मिश्रले दाखिला प्रमाण पेश गरेकोले संपरीक्षण		4861
४		48	खर्चको मापदण्ड विपरीत भुक्तानी लिएको	जितेन्द्र यादवको दाखिला प्रमाण पेश ।		7650
५		20.7	कान्छा कोहारले सम्झौतामा उल्लेख गरेकोभन्दा बढी भुक्तानी लिएको	बैँक दाखिला प्रमाण पेश ।		101235
६		48	सुनिल यादवले खर्चको मापदण्ड विपरीत भत्ता लिएको	बैँक दाखिला प्रमाण पेश ।		8925
7		53	हैदर अलीले प्रशिक्षक भत्ता	उक्त रकम बैँक दाखिला भएको प्रमाण पेश		5950

https://nams.oag.gov.np

							नम्स भन्दा बढी लिएको					
				8		57	थप निकासा भएको रकम पुष्टी गर्ने प्रमाण पेश भएकोले असुल गर्नुपर्ने	श्री पशुपति आ.वि. प्रथम चौमासिक माग फारामअनुसार रु.1013197/- तलब माग गरेकोमा प्रथम चौमासिकमा पहिलोपटक रु.638996/- मात्र निकासा भएकोमा नपुग रकम रु.374201 विद्यालयको निवेदन र माग फारामअनुसार नै पठाईएको पाईएकोले संपरीक्षण	374200			
				9		58	चरनलाल पुरीले नम्सभन्दा बढी प्रशिक्षक भत्ता लिएको	उक्त रकम बैँक दाखिला भएको प्रमाण पेश	3060			
				10	2076/77	66	वडा कार्यालयमा संकलन गरेको राजश्व मन्जु यादवले बैँक दाखिला नगरेको	उक्त रकम बैँक दाखिला भएको प्रमाण पेश	15700			
				11		67	निम्नानुसार व्यक्तिहरुले संकलन गरेको राजश्व समयमै बैँक दाखिला नगरेको	निम्नानुसार व्यक्तिहरुको उक्त रकम बैँक दाखिला भएको प्रमाण पेश नामथर: रकम लव बहादुर घर्ती: 33590 धनकुमारी पाण्डे: 5420 बलीराम चौधरी: 26549 विमल कुमार चौधरी: 23386 सरस्वती खनाल: 59394 अशोक कुमार कहार: 32371 जम्मा: 180710	180710			
				12		85	लव बहादुर चौधरीले संकलन	उक्त रकम बैँक दाखिला भएको प्रमाण पेश	1725			

https://nams.oag.gov.np

							गरेको राजश्व समयमै बैंक दाखिला नगरेको			
				जम्मा					722191	
२९			अद्यावधिक बेरुजुको अवस्था यस पालिकाको 2077।78 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।							

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
61853813	722191	18264625	0.0	79396247

https://nams.oag.gov.np